०८३-५२५२८८

# कर्णाली प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
## वीरेन्द्रनगर, सुर्खेत
## (प्रशासन तथा योजना शाखा)

पत्र संख्याः प्रशा।०८०।८१ मितिः२०८१/०३/२४

चलानी नं. १००६

**<u>बिषयः आ.व२०८०/८१ को सम्पती विवरण सम्बन्धमा।</u>**

श्री वन तथा वातावरण निर्देशनालय,
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र,
श्री उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
कर्णाली प्रदेश, सुर्खेत।

प्रस्तुत विषयमा नेपाल सरकारले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ दफा ३१क को उपदफा (१) तथा निजामती सेवा नियमावली,२०५० को नियम ११८(१) बमोजिम निजामती कर्मचारीहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र राष्ट्रिय किताबखानामा दर्ता गर्नु पर्ने र सम्पती विवरण बुझाउनु दायित्व सम्वन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमा भित्र आ.व.२०८०/८१ को सम्पति विवरण संकलन गरी राष्ट्रिय किताबखानामा बुझाउने व्यवस्था मिलाउन हुन अनुरोध छ।

साथै सेवा करार, अस्थायी सेवा/ ज्याला मजदुरीमा कामकाज गर्ने सवै कर्मचारीहरुको सम्पती विवरण यस मन्त्रालयमा दर्ता गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनु पर्ने व्यवस्था भएको हुँदा माथि उल्लेखित कर्मचारीहरुको सम्पति विवरण संकलन गरी दर्ताको लागि साउन १ गते देखि भाद्र २८ गते भित्र यस मन्त्रालयमा दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ। सम्पती विवरण बुझाउन छुटेमा सम्वन्धित कर्मचारी तथा कार्यालय प्रमुख नै जिम्मेवार हुनेछन्। साथै आफ्नो र आफु मातहतका निकायको आ.व २०८०/८१ को कार्यसम्पादन फारम साउन १ गतेदेखि ७ गते भित्र कानुनले तोकेको निकायमा दर्ता गर्ने व्यवस्था समेत मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

**<u>आ.व. २०८०/८१ को सम्मती विवरण बुझाउने खाममा लेखे विवरणको ढाँचा</u>**

| | |
|---|---|
| क.कर्मचारीको संकेत नं.:- | ङ.श्रेणि/तहः- |
| ख.नाम,थरः- | च.कार्यरत कार्यालयः- |
| ग.पद/दर्जाः- | छ.मोवाइल नं. |
| घ.सेवा/समूहः- | ज.ई-मेल ठेगानीः- |

२०८१/०३/२४

अन्जू चौधरी
(वरिष्ठ शाखा अधिकृत)
वरिष्ठ शाखा अधिकृत

**<u>बोधार्थः</u>**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश,
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाःWebsit मा Update तथा सम्बन्धित निकायमा Emailगर्नुहुन।